कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: १५/०८३
दर्ता मिति: २०८३/०३/०५
नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

छात्रवृत्ति अनुदानसम्बन्धी कार्यविधि, २०८३

प्रस्तावना: राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ख. ले दिएको अधिकार प्रयोग गरी चिकित्सा शिक्षा आयोगले यो कार्यविधि बनाई लागु गरेको छ ।

परिच्छेदः एक

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "छात्रवृत्ति अनुदानसम्बन्धी कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले सार्वजनिक शिक्षण संस्थामा ऐनको दफा १७ बमोजिमको निःशुल्क छात्रवृत्ति, स्नातकोत्तर तह (डिएम, एमसिएचसमेत) मा नियमावलीको नियम ४३ बमोजिमको निःशुल्क छात्रवृत्ति उपलब्ध गराए वापत सार्वजनिक शिक्षण संस्थालाई उपलब्ध गराइने एकमुष्ट अनुदान सम्झनु पर्छ। यस शब्दले ऐनको दफा १८ को उपदफा (२) को खण्ड (ख)बमोजिमको निर्वाह भत्ता वापत सार्वजनिक शिक्षण संस्थालाई उपलब्ध गराइने अनुदानसमेतलाई बुझाउँछ ।

(ख) "आयोग" भन्नाले चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३ बमोजिमको चिकित्सा शिक्षा आयोग सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

(घ) "कबुलियतनामा" भन्नाले छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले नियमावलीको अनुसूची-६ बमोजिम गरेको कबुलियतनामा सम्झनु पर्छ।

(ङ) "कार्यक्रम" भन्नाले चिकित्सा शिक्षा आयोगबाट स्वीकृत नियमावलीको अनुसूची-८ बमोजिमका शैक्षिक कार्यक्रम सम्झनु पर्छ।

(च) "चिकित्सा शिक्षा" भन्नाले स्वास्थ्य पेशासम्बन्धी सबै विधा र तहका शिक्षा (हेल्थ प्रोफेसनल एजुकेसन) सम्झनु पर्छ ।

(छ) "छात्रवृत्ति" भन्नाले ऐनको दफा १७ को उपदफा (४) र (७) तथा दफा १८ को उपदफा (३) र नियमावलीको नियम २० बमोजिमको छात्रवृत्ति सम्झनु पर्छ ।

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

(ज) "छात्रवृत्ति अनुदान व्यवस्थापन समिति" भन्नाले दफा ६ बमोजिमको छात्रवृत्ति अनुदान व्यवस्थापन समिति सम्झनु पर्छ ।

(झ) "नियमावली" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ सम्झनु पर्छ।

परिच्छेदः दुई

छात्रवृत्ति तथा अनुदानसम्बन्धी व्यवस्था

३. **अनुदानसम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा १७ को उपदफा (७) बमोजिमका सार्वजनिक शिक्षण संस्थामा स्नातक तहमा निःशुल्क छात्रवृत्तिका लागि तोकिएको सिटमा भर्ना भएका विद्यार्थीलाई अध्ययन गराए वापत सम्बन्धित शिक्षण संस्थालाई नेपाल सरकारबाट प्राप्त बजेटको सीमाभित्र रही एकमुष्ट अनुदान दिन सकिने छ ।

(२) उपदफा (१) बमोजिमको अनुदान गणना गर्दा कार्यक्रम विशेषका लागि आयोगबाट सम्बन्धित शैक्षिक सत्रका लागि निर्धारित शुल्कलाई आधार मानी पहिलो वर्षमा कुल शुल्कको एक तिहाई रकमलाई त्रैमासिक रूपमा र अन्य वर्षमा बाँकी रहेको शुल्कलाई बाँकी अध्ययन वर्षले विभाजन गरेर हुन आउने रकमलाई प्रत्येक वर्ष त्रैमासिक रुपमा नेपाल सरकारबाट प्राप्त बजेटको सीमाभित्र रही अनुदान दिन सकिने छ।

(३) स्नातकोत्तर तहको कार्यक्रम सञ्चालन गर्ने सार्वजनिक शिक्षण संस्थालाई सञ्चालन खर्च उपलब्ध गराउँदा विनियोजित बजेटको सीमा भित्र रही सम्बन्धित कार्यक्रमका लागि निर्धारित शुल्कको अधिकतम पचास प्रतिशतले हुन आउने रकम बराबरको अनुदान उपलब्ध गराउन सकिने छ।

(४) सार्वजनिक शिक्षण संस्थामा स्नातकोत्तर तहको आधारभूत चिकित्सा विज्ञान वा क्लिनिकल विधा (मेडिकल तथा डेन्टल) मा निःशुल्क छात्रवृत्ति सिटमा भर्ना भई अध्ययन गर्ने स्नातकोत्तर तहको एमडी/एमएस कार्यक्रमतर्फ स्वास्थ्य सेवाको आठौं तहको सुरू स्केल र डिए/एमसिएच कार्यक्रमतर्फ स्वास्थ्य सेवाको नवौं तहको सुरू स्केल सरह निर्वाह भत्ता र उल्लिखित स्केलको एक महिना बराबरको हुन आउने रकम चाडबाड खर्च वापत प्रदान गर्न सम्बन्धित शिक्षण संस्थालाई रकम उपलब्ध गराउन सकिने छ।

४. **अनुदान निकासासम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधिबमोजिमको अनुदान प्राप्त गर्ने शिक्षण संस्थाले प्रत्येक त्रैमासिक अवधिका लागि आयोगले प्रकाशित गरेको सूचनामा उल्लिखित अवधिभित्र तोकिएको विवरण तथा कागजातसहितको माग फाराम आयोगको मेडिकल एजुकेसन म्यानेजमेन्ट इन्फरमेसन सिस्टम (एमइएमआइएस) मार्फत पेस गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम प्राप्त माग फारामलाई आयोगको सूचना प्रविधि शाखाबाट दफा ३ को उपदफा (७) बमोजिमको विवरणसँग रुजु गरी अनलाइन प्रणालीबाट रूजु सिट

तयार गरी आयोगको योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयलाई उपलब्ध गराउनु पर्ने छ ।

(३) आयोगको योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयले उपदफा (२)बमोजिम प्राप्त माग फाराम तथा रूजु सिटलाई आवश्यकताअनुसार सत्यापन गरी गराई शिक्षण संस्थागत समष्टिगत अनुदान निकासा विवरण तालिका तयार गरी छात्रवृत्ति अनुदान व्यवस्थापन समितिसमक्ष पेस गर्नुपर्ने छ ।

(४) उपदफा (३) बमोजिम पेस भएको निकासा विवरण तालिकालाई छात्रवृत्ति अनुदान व्यवस्थापन समितिले आवश्यकताअनुसार परिमार्जनसमेत गरी आयोगको योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयमा पठाउनु पर्ने छ ।

(५) उपदफा (४) बमोजिम प्राप्त सिफारिससहितको निकासा विवरण तालिका अनुसारको अनुदान रकम निकासा गर्नका लागि निर्देशनालयले सदस्य सचिवसमक्ष प्रस्ताव पेस गर्नुपर्ने छ ।

(६) उपदफा (५) बमोजिम सदस्यसचिवबाट कार्यकारी समितिसमक्ष पेस हुन आएको अनुदान निकासासम्बन्धी प्रस्ताव कार्यकारी समितिबाट स्वीकृत भएपछि सम्बन्धित शिक्षण संस्थालाई अनुदान निकासा गर्नुपर्ने छ ।

तर कुनै कारणले कार्यकारी समितिको बैठक बस्न नसक्ने अवस्था भएमा सदस्य सचिवको निर्णयबाट शिक्षण संस्थालाई अनुदान निकासा गर्न बाधा पर्ने छैन ।

(७) उपदफा (६) बमोजिम अनुदान निकासाका क्रममा शिक्षण संस्थालाई कुनै कारणले घटी वा बढी अनुदान रकम निकासा भएको अवस्थामा आयोगले आगामी त्रैमासिक निकासामा अनुदान रकम समायोजन गर्न सक्ने छ ।

५. <u>छात्रवृत्ति अनुदान व्यवस्थापन समिति</u>: (१) परीक्षा निर्देशनालयले छात्रवृत्ति सिटमा छनोट भई भर्ना भएका विद्यार्थीको विस्तृत विवरण प्रत्येक तहको भर्ना प्रकृया समाप्त भएको मितिले सात दिनभित्र योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयलाई उपलब्ध गराउनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिमको विवरणका आधारमा योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयले वर्गीकृत रूपमा सोसम्बन्धी अभिलेख आयोगको मेडिकल एजुकेसन म्यानेजमेन्ट इन्फरमेसन सिस्टम (एमइएमआइएस) समेतमा व्यवस्थित गर्नुपर्ने छ।

(३) छात्रवृत्ति अनुदान व्यवस्थापनसम्बन्धी कार्यलाई व्यवस्थित गरी अनुदान निकासाकोकार्यलाई सहजीकरण गर्न देहायबमोजिमको छात्रवृत्ति अनुदान व्यवस्थापन समिति रहने छः-

(क) निर्देशक, योजना, समन्वय तथा प्राज्ञिक
उन्नयन निर्देशनालय, आयोग - संयोजक

(ख) सदस्य सचिव, आयोग - सहसंयोजक

(ग) प्रतिनिधि, नेपाल सरकारको शिक्षा विषय हेर्ने मन्त्रालय - सदस्य

प्रा.डा. [illegible] गिरी

(घ) आर्थिक प्रशासन प्रमुख, आयोग - सदस्य

(ङ) उपसचिव, परीक्षा निर्देशनालय, आयोग - सदस्य

(च) सूचना प्रविधि शाखा प्रमुख, आयोग - सदस्य

(छ) उपसचिव, योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय, आयोग - सदस्य सचिव

६. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः-

(क) छात्रवृत्ति व्यवस्थापन सम्बन्धमा अन्तरनिकाय समन्वय गर्ने,

(ख) छात्रवृत्तिसम्बन्धी नीतिगत विषयमा राय, सुझाव र परामर्श दिने,

(ग) छात्रवृत्ति अनुदान निकासा र प्रयोग सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

(घ) छात्रवृत्ति अनुदान निकासाका लागि सिफारिस गर्ने,

(ङ) छात्रवृत्ति अनुदान रकमको प्रयोगसम्बन्धी अनुगमनका लागि आधार तयार गर्ने,

(च) छात्रावृत्ति प्राप्त गरी अध्ययनमा सहभागी हुने विद्यार्थीले दफा १० बमोजिमको जिम्मेवारी पूरा नगरी वा अध्ययन पूरा गरेपछि तोकिए बमोजिमको अवधिसम्म नेपाल सरकारद्वारा खटाइएको स्थानमा सेवा नगरी क्षतिपूर्ति भराउने सम्बन्धी कार्य गर्नका लागि ऐनको दफा ८ बमोजिमको कार्यकारी समिति लाई सिफारिस गर्ने,

(छ) छात्रवृत्ति व्यवस्थापनसम्बन्धी आयोग र कार्यकारी समितिले तोकेको अन्य काम गर्ने ।

७. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकताअनुसार बस्ने छ ।

(२) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले र संयोजकको अनुपस्थितिमा सहसंयोजकले गर्नेछ ।

(३) समितिको बैठकको निर्णय संयोजकले प्रमाणित गर्नेछ ।

परिच्छेदः तीन

अनुदान रकमको उपयोग तथा जिम्मेवारीसम्बन्धी व्यवस्था

८. **अनुदान रकमको उपयोगः** (१) अनुदान रकम फ्याकल्टी विकास, गुणस्तर सुधार, शिक्षण सामग्री खरिद, क्षमता विकासलगायतका व्यवस्थापकीय क्षेत्र र स्वास्थ्य सेवा प्रवाहमा संलग्न हुने जनशक्तिका लागि सेवा सुविधाहरू उपलब्ध गराउने कार्यमा उपयोग गर्न सक्ने छ ।

तर निःशुल्क छात्रवृत्ति सिटमा अध्ययन गराए वापत सार्वजनिक शिक्षण संस्थाले प्राप्त गर्ने एकमुष्ट अनुदान रकमको परिचालन र प्रयोग दोहोरो सुविधामा खर्च गर्न पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्नातकोत्तर तहको आधारभूत चिकित्सा विज्ञान वा क्लिनिकल विधा (मेडिकल तथा डेन्टल) मा निःशुल्क छात्रवृत्ति सिटमा भर्ना भई अध्ययन गर्ने विद्यार्थीका लागि प्रदान गरिएको निर्वाह भत्ता वापतको अनुदान रकम सम्बन्धित विद्यार्थीलाई भुक्तानी गर्नुपर्ने छ ।

(३) कुनै कारणले विद्यार्थीले बिचैमा पढाइ छोडेको अवस्थामा सम्बन्धित शिक्षण संस्थाले सोको जानकारी आयोगलाई तत्काल गराउनु पर्ने छ । बिचैमा पढाइ छाडेको विद्यार्थीको विवरण प्राप्त भए पश्चात निजको नाममा थप निर्वाह भत्ता वा अनुदान रकम निकासा गरिने छैन।

(४) शिक्षण संस्थाले प्राप्त अनुदान खर्चको विवरण त्रैमासिक रुपमा चिकित्सा शिक्षा आयोगलाई उपलब्ध गराउनु पर्ने छ । खर्च विवरण उपलब्ध नगराउने शिक्षण संस्थाको अनुदान आयोगले रोक्का गर्न सक्ने छ ।

(५) आयोगमार्फत प्राप्त अनुदान प्रचलित कानुनबमोजिम खर्च लेख्ने, लेखा राख्ने, लेखा परीक्षण गर्ने, गराउने दायित्व सम्बन्धित शिक्षण संस्थाको हुने छ ।

९. **अनुगमनः** (१) यस कार्यविधिबमोजिम शिक्षण संस्थालाई उपलब्ध गराएको अनुदान रकमको उपयोगका सम्बन्धमा आयोगले आवश्यकताअनुसार अनुगमन गर्न, गराउन सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको अनुगमनका क्रममा शिक्षण संस्था सम्बद्ध सूचना तथा कागजात उपलब्ध गराउनु र आयोगले दिएको निर्देशन पालना गर्नु, गराउनु सम्बन्धित शिक्षण संस्थाको कर्तव्य हुने छ ।

१०. **विद्यार्थीको जिम्मेबारीः** छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीको जिम्मेवारी देहायबमोजिम हुने छः-

(क) छात्रवृत्तिमा छनोट भइसकेपछि सम्बन्धित विश्वविद्यालय वा प्रतिष्ठानमा भर्ना हुने,

(ख) सम्बन्धित शिक्षण संस्थाको प्रचलित नियम र अनुशासनको परिधिभित्र रही नियमित अध्ययन गर्ने,

(ग) बिचैमा पढाइ छोड्न नहुने,

(घ) अध्ययनलाई निर्धारित अवधिभित्रै पूरा गर्ने,

(ङ) ऐनको दफा ३८ को उपदफा (३) बमोजिम अध्ययन पूरा भई नजिता प्राप्त भएको एक महिनाभित्र आफ्नो शैक्षिक प्रमाणपत्रसहित शिक्षासम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयमा सम्पर्क राख्ने,

(च) अध्ययन पूरा गरिसकेपछि ऐनको दफा ३८ को उपदफा (१) बमोजिम नेपाल सरकारले खटाएको स्थानमा अनिवार्य सेवा गर्ने।

प्रा.डा. श्रीकृष्ण ... उपाध्या

११. **शिक्षण संस्थाको जिम्मेवारी:** यस कार्यविधिबमोजिम अनुदान प्राप्त गर्ने शिक्षण संस्थाले पालना गर्नुपर्ने जिम्मेवारी देहायबमोजिम हुने छः-

(क) सम्बन्धित विश्वविद्यालयबाट भर्ना भई आएका विद्यार्थीलाई नियमित रूपमा अध्ययन अध्यापन कार्यमा सहभागी गराउने,

(ख) छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीलाई आवश्यक सहयोग, समन्वय र सहजीकरण गरी सिकाइमैत्री बातावरणमा शिक्षण सिकाइ कार्य सञ्चालन गर्ने,

(ग) शिक्षण संस्थाले प्रत्येक वर्ष छात्रवृत्तिमा पढ्ने विद्यार्थीको अध्यावधिक विवरण तथा अनुदान रकम खर्चको विवरण मेडिकल एजुकेसन म्यानेजमेन्ट इन्फरमेसन सिस्टम (एमइएमआइएस) प्रणालीमार्फत त्रैमासिक रूपमा आयोगमा पेस गर्ने।

१२. **विश्वविद्यालय तथा प्रतिष्ठानको जिम्मेवारी:** यस कार्यविधिको कार्यन्वयनका सन्दर्भमा विश्वविद्यालय तथा प्रतिष्ठानको जिम्म्वारी देहायबमोजिम हुने छः-

(कं) आयोगबाट प्राप्त भएको छात्रवृत्ति नामावलीको आधारमा आयोगले तोकेको समयावधि भित्र विद्यार्थी भर्ना गरी सम्बन्धित शिक्षण संस्थामा अध्ययनका लागि पठाउने,

(ख) शैक्षिक क्यालेन्डरअनुरुप अध्ययन अध्यापन सुनिश्चित गर्ने,

परिच्छेदः चार
विविध

१३. **समन्वय गर्नुपर्ने:** विश्वविद्यालय, शिक्षण संस्था र अन्य सरोकारवाला निकायले छात्रवृत्ति र अनुदानसम्बन्धी कार्यमा आयोगसँग समन्वय गर्नुपर्ने छ ।

१४. **अनुगमन तथा निर्देशन:** आयोगले समय समयमा छात्रवृत्ति र अनुदानसम्बन्धी कार्यको अनुगमन गर्न गराउन र आवश्यक निर्देशन दिन सक्ने छ ।

१५. **खारेजी र बचाउ:** (१) चिकित्सा शिक्षा छात्रवृत्ति तथा अनुदान वितरणसम्बन्धी कार्यविधि, २०७९ खारेज गरिएको छ।

(२) चिकित्सा शिक्षा छात्रवृत्ति तथा अनुदान वितरणसम्बन्धी कार्यविधि, २०७९ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधिबमोजिम भए गरेको मानिने छ ।